**शाखा अधिकृत, स्थानिय तह ६, नायव सुब्बा, स्थानिय तह ५, खरिदार, स्थानिय तह ४ लगायतका अन्य महत्वपुर्ण परिक्षाको लागि समेत अति उपयोगी अध्ययन साम्रगीहरु**

# →नेपालको आर्थिक अवस्था←

## नेपालको अर्थतन्त्रको स्वरूप

- नेपालले मिश्रित अर्थ व्यवस्थालाई अवलम्बन गरेको छ
- पुँजीवादी अर्थ व्यवस्था र समाजवादी अर्थ व्यवस्थाको मिश्रित रूप
- मिश्रित अर्थव्यवस्थाको प्रतिपादन - जे. एम. किन्स
- विश्वमा बजेटको सुरुवात - बेलायत (रोबर्ट वालपोल) (सन् १७३३)
- नेपालमा बजेटको सुरुवात - वि. सं. २००८ माघ २१ (प्रधानमन्त्री मातृका प्रसाद कोइराला)
- सर्वप्रथम बजेट प्रस्तुत गर्ने अर्थमन्त्री - सुवर्ण शमशेर
- नेपाल संविधानको धारा ११९ नेपाल सरकारको अर्थमन्त्रीले हरेक वर्ष जेठ १५ मा संघीय संसदमा बजेट पेश गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको
- आ.व. २०८२/८३ को कुल बजेट - १९ खर्ब ६४ अर्ब ११ करोड
- आ. व. २०८२/८३ को बजेट अनुसार आर्थिक वृद्धि ६% र मुद्रास्फिति ५.५% मा सिमित रहने अनुमान
- सन् २०२३-२०३२ लाई पर्यटक दशकको रूपमा मनाइने
- नेपाललाई सर्वप्रथम वैदेशिक सहयोग गर्ने राष्ट्र - अमेरिका (सन् १९५१)
- नेपाललाई सबैभन्दा बढी वैदेशिक सहयोग गर्ने राष्ट्र - जापान
- नेपालमा वैदेशिक सहयोगमा सञ्चालन भएको पहिलो कार्यक्रम - त्रिभुवन ग्राम विकास कार्यक्रम

विद्या मन्दिर

- नेपालमा कागजी नोटको सुरुवात - वि. सं. २००२ असोज १ (निष्कासन गर्ने निकाय - सदर मुलुकी खाना)
- नेपाल राष्ट्र बैङ्कको स्थापना - वि. सं. २०१३ वैशाख १४
- नेपाल राष्ट्र बैङ्कबाट सर्वप्रथम नोट निष्कासन भएको - वि. सं. २०१६ फागुन ७
- नेपालमा पोलिमर नोटको सुरुवात - वि. सं. २०५९ असोज १४
- नेपालमा हालसम्म प्रचलनमा आएका नोटहरू - ११ वटा
- नेपाल धितोपत्र बोर्डको स्थापना - वि. सं. २०५० जेष्ठ २५
- नेपालमा धितोपत्र कारोवारको सुरुवात - वि. सं. २०५०

## केही महत्वपूर्ण शब्दावलीहरू

- **Inflation -** लगातार रूपमा मुल्य वृद्धि हुँदै जाने अवस्था
- **Deflation -** अर्थ व्यवस्थामा आर्थिक क्रियाकलाप कम हुँदै जाने अवस्था
- **Bull & Bear -** सेयर बजारसँग सम्बन्धित
- **zero-net-aid -** मुलुकको अर्थ व्यवस्था सवल भई वैदेशिक सहयोग नचाहिने अवस्था
- **Soft loan -** लामो समयका लागि कम ब्याजदरमा प्राप्त हुने ब्याज

- संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को प्रतिवेदन अनुसार सन् २०२५ मा नेपालको मानव विकास सुचकाङ्क (HDI) - ०.६२२
- नेपालको स्थान — १४६ औं
- विश्व पर्यटन दिवस - सेप्टेम्बर २७

## योजनाबद्ध विकास

- विश्वमा योजनाबद्ध विकासको सुरुवात गर्ने देश — रुस
- रुसले सर्वप्रथम सन् १९२८ मा ल्याएको योजना — पापतिलेका
- नेपालमा योजनाबद्ध विकासको सुरुवात - वि. सं. २०१३ (प्रधानमन्त्री टंक प्रसाद आचार्यको पालामा)
- नेपालमा हालसम्म कार्यान्वयन भएका योजनाहरू - १६ वटा
  - पञ्चवर्षीय योजना - ११ वटा
  - त्रिवर्षीय योजना - ५ वटा
- **Plan Holiday:** योजना नबनि खाली रहेको वर्ष **(वि. सं. २०१८, २०४७ र २०४८)**
- राष्ट्रिय योजना परिषदको स्थापना - वि. सं. २०१७
- राष्ट्रिय योजना परिषदलाई राष्ट्रिय योजना आयोग बनाइएको - वि. सं. २०२५
- राष्ट्रिय योजना आयोगको अध्यक्ष - प्रधानमन्त्री

## नेपालका हालसम्मका योजनाहरू

### १. प्रथम पञ्चवर्षीय योजना (वि.स. २०१३ - वि.स. २०१८)

- वि. सं. २०१३ असोज १ देखि सुरुवात
- रु ३३ करोड खर्च गर्ने लक्ष्य राखिएकोमा रु २१ करोड ४४ लाख (६५%) मात्र खर्च भएको
- सबैभन्दा धेरै यातायात र सञ्चार क्षेत्रलाई प्राथमिकता दिइएको
- वैदेशिक सदस्यता प्राप्त

## २. दोस्रो त्रिवर्षीय योजना (वि.स. २०१९ - वि.स. २०२२)

- Preparatory plan भनेर चिनिने
- ६० करोड खर्च गर्ने लक्ष्य राखेकोमा ९९% खर्च भएको
- सबैभन्दा धेरै खर्च भएको योजना
- वैदेशिक ऋण लिन सुरु गरिएको (२०१८ बाट)
- देशव्यापी गणना र कृषि गणनाको सुरुवात
- उद्योग तथा कृषि कर्जाको सुरूवात

## ३. तेस्रो पञ्चवर्षीय योजना (वि.स. २०२२ - वि.स. २०२७)

- २५० करोड खर्च गर्ने लक्ष्य राखेकोमा ७१.२% खर्च भएको
- अर्थतन्त्रलाई ३ भाग(सरकारी, निजी र पञ्चायति) गरि विभाजन गरिएको
- राष्ट्रिय आयलाई दोब्बर पार्ने लक्ष्य राखिएको (१५ वर्षमा)
- सामाजिक असमानता अन्त्य गर्ने लक्ष्य राखिएको

## ४. चौथो पञ्चवर्षीय योजना (वि.स. २०२७ - वि.स. २०३२)

- शोषण रहित समाजको निर्माण गर्ने लक्ष्य राखिएको
- विकासक्षेत्रको अवधारणा सुरुवात
- ३५४ करोड खर्च गर्ने लक्ष्य राखेकोमा ९०% खर्च भएको

## ५. पाँचौ पञ्चवर्षीय योजना (वि.स. २०३२- वि.स. २०३७)

- प्रादेशिक विकासको अवधारणा अवलम्बन
- सर्वप्रथम स्वास्थ्य सम्बन्धि नीतिको अवलम्बन
- सर्वप्रथम अधिकतम र न्यूनतम खर्चको अवधारणा लिइएको
- व्यापारमा विविधिकरण
- नेपालमा सन्तुलित विकासको योजना

## ६. छैटौं पञ्चवर्षीय योजना (वि.स. २०३७ - वि.स. २०४२)

- लक्ष्य भन्दा बढी आर्थिक वृद्धि हासिल भएको [६५.०९% खर्च]
- Eco-tourism को अवधारणा अबलम्बन
- SAFTA को परिकल्पना
- विकासमा महिला सहभागिताको सुरुवात
- भू-उपयोग सम्बन्धि नीति ल्याइएको
- वातावरण संरक्षण सम्बन्धी विषयको अवधारणा
- आधारभूत आवश्यकता सम्बन्धी अवधारणा
- निजीकरणको सुरूवात
- कृषि, सिंचाइ र वन क्षेत्रमा सबैभन्दा बढी रकम विनियोजित

## ७. सातौं पञ्चवर्षीय योजना (वि.स. २०४२ - वि.स. २०४७)

- वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को सुरुवात तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को विकासमा महिलाको सहभागिता
- विकेन्द्रीकरणलाई आत्मसाथ

## ८. आठौं पञ्चवर्षीय योजना (वि.स. २०४९ - वि.स. २०५४)

- राज्यकेन्द्रित अवधारणाबाट निजी क्षेत्र केन्द्रित अवधारणाको अवलम्बन [सरकारी - ३५.९% / निजी - ६४.१%]
- योजना निर्माणमा Bottom up approach अवधारणाको सुरुवात
- दिगो विकासको अवधारणालाई अवलम्बन गरिएको
- वातावरण शिर्षकमा वजेट विनियोजन
- आर्थिक सुशासनको अवधारणा

## ९. नवौं पञ्चवर्षीय योजना (वि.स. २०५४ - वि.स. २०५९)

- २० वर्षे दीर्घकालिन अवधारणा सहित तयार पारिएको
- सुशासनको अवधारणा अवलम्बन
- गरिबी निवारण गर्ने लक्ष्य राखिएको
- गरिबीलाई ३२% मा झार्ने लक्ष्य राखेकोमा ३८% मा सिमित भएको

## १०. दशौं पञ्चवर्षीय योजना (वि.स. २०५९ - वि.स. २०६४)

- नवौं र दशौं योजनामा दोहोरिएको एकमात्र उद्देश्य - गरिबी निवारण
- अपेक्षित वृद्धिदर र सामान्य वृद्धिदर गरि २ प्रकारका लक्ष्य निर्धारण गरिएको
- अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यक्रम सोच तालिकाको निर्माण

## ११. एघारौं त्रिवर्षीय योजना (वि.स. २०६४ - वि.स. २०६७)

- देशमा विद्यमान बेरोजगारी, गरिबी र असमानताको अन्त्य गर्दै दिगो शान्ति स्थापनामा सहयोग पुऱ्याउने लक्ष्य राखिएको

## १२. बाह्रौं त्रिवर्षीय योजना (वि.स. २०६७ - वि.स. २०७०)

- रोजगार केन्द्रित समावेशी र समन्यायीक आर्थिक वृद्धि हासिल गरि गरिबी निवारणमा सहयोग पुऱ्याउने लक्ष्य

## १३. तेह्रौं त्रिवर्षीय योजना (वि.स. २०७० - वि.स. २०७३)

- वि. सं. २०७९ सम्ममा नेपाललाई अति कम विकसित राष्ट्रबाट विकासशिल राष्ट्रमा स्तर उन्नति गर्ने लक्ष्य राखिएको

## १४. चौधौं त्रिवर्षीय योजना (वि.स. २०७३ - वि.स. २०७६)

- नेपाललाई मध्यम आयभएको राष्ट्रमा पुऱ्याउने लक्ष्य राखिएको

## १५. पन्ध्रौं पञ्चवर्षीय योजना (वि.स. २०७६ - वि.स. २०८१)

- दीर्घकालीन "**नेपालः समृद्ध राष्ट्र, सुखी नेपाली** "अवधारणालाई कार्यान्वयन गर्ने लक्ष्य
- ८ वटा दीर्घकालीन रणनीति तयार पारिएको
- समृद्ध तर्फ — ४ र सुख तर्फ — ६ वटा लक्ष्य निर्धारण गरिएको

## १६. सोह्रौं पञ्चवर्षीय योजना (आ.व. २०८१/८२ - आ.व. २०८५/८६)

- हाल चालु आवधिक योजना
- दीगो विकास लक्ष्य (SDG) प्राप्तिका लागि ठोस कदमहरू चालिएको
- १६ औं योजना मन्त्रिपरिषदबाट पारित — वि.स. २०८१ जेठ १
- **सोच/नारा** — **सुशासन, सामाजिक न्याय र समृद्धि**
- राष्ट्रिय योजना आयोगबाट अवधारणा पत्र पारित — वि.स. २०८० साउन १७
- **लक्ष्य** — ४० वटा
  (**सुशासन** — १०, **सामाजिक न्याय** — १० र **समृद्धि** — २०)
- १६ औं योजनाले मुख्य प्राथमिकतामा राखेको विषय — **डिजिटल डाटावेस र ई-गभर्नेन्स**
- कुल अनुमानित लागत — १११ खर्ब ८४ अर्ब २३ करोड
  सार्वजनिक — ३३ खर्ब ७७ अर्ब
  निजी — ७५ खर्ब १५ अर्ब
  सहकारी — २ अर्ब ९० करोड

## १६ औं योजनाका परिणात्मक लक्ष्य

### सुशासनका राष्ट्रिय लक्ष्य

| क्र.स. | सूचक | एकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५२ | ०.८० |
| २ | विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ५२ | ६५ |
| ३ | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३५ | ४३ |
| ४ | विद्युतीय सरकार विकास सूचकाङ्क | सूचकाङ्क | ०.५१२ | ०.६०० |
| ५ | निर्वाचन मतदाताको सहभागिता | प्रतिशत | ६२ | ८५ |
| ६ | अदालतमा दर्ता भएका मुद्दाको फछ्र्यौट | प्रतिशत | ६४ | ७५ |
| ७ | कुल विनियोजनमा खर्चको अनुपात | प्रतिशत | ८० | ९० |
| ८ | बेरुजु (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | १०.९ | ५ |
| ९ | राष्ट्रिय परिचय-पत्र नम्बर प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ६३.४ | ९० |
| १० | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७४ | १०० |

# सामाजिक न्यायका राष्ट्रिय लक्ष्य

| क्र.स. | सूचक | एकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | असमानता समायोजित मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.४२४ | ०.६०० |
| २ | उपभोगमा आधारित जिनी गुणक | गुणक | ०.३०० | ०.२८० |
| ३ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२४ | ०.२२ |
| ४ | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १.३ | १ |
| ५ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या | प्रतिशत | ३२ | ६० |
| ६ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९६७ |
| ७ | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४९५ | ०.२२५ |
| ८ | रोजगारीमा महिला र पुरुषको सहभागिता अनुपात | अनुपात | १ : १.७ | १ : १.२ |
| ९ | बाध्याकारी श्रमको दर (१५ वर्ष वा सो भन्दा माथि) | प्रति हजार | १.२ | ० |
| १० | महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दर्ता गरेका परिवार | प्रतिशत | २३.८ | ३५ |

# समृद्धिका राष्ट्रिय लक्ष्य

| क्र.स. | सूचक | एकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.५ | ७.३ |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४५६ | २३५१ |
| ३ | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३ | १२ |
| ४ | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.७ | ५ |
| ५ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.६५० |
| ६ | मानव सम्पत्ति सूचकाङ्क | सूचकाङ्क | ७६.३ | ७८ |
| ७ | आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क | सूचकाङ्क | २९.७ | २४ |
| ८ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६.२ | ८५ |
| ९ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.३ | ७३ |
| १० | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ७७ | ९० |
| ११ | उच्च मध्यमस्तरको खानेपानीमा पहुँच भएको घरपरिवार | प्रतिशत | २५.८ | ४५ |
| १२ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ५ |

| | | | | |
|---|---|---|---|---|
| १३ | श्रम उत्पादकत्व | रु हजारमा | २४५ | २७५ |
| १४ | कृषि वस्तुको औसत उत्पादकत्व (प्रमुख वाली) | मे.ट. प्रति हेक्टर | ३.३ | ३.७ |
| १५ | बैंक तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार । | प्रतिशत | ६३ | ८५ |
| १६ | सडक घनत्व | कि.मि. प्रति व.कि.मि | ०.६३ | ०.७७ |
| १७ | विद्युत उत्पादन (जलविद्युत तथा वैकल्पिक ऊर्जा जडित क्षमता) | मेगावाट | २९६२ | ११,७६९ |
| १८ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | ३८० | ७०० |
| १९ | विद्युत्मा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ९६.७ | १०० |
| २० | इन्टरनेटमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ६९.२ | ९० |

## दीर्घकालिन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू

| क्र.स. | सूचक | एकाई | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | १०.५ |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १२१०० |
| ३ | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | ० |
| ४ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२५० |
| ५ | श्रमशक्ति सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ७२ |
| ६ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ७० |
| ७ | विद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | ४०,००० |
| ८ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | १०० |
| ९ | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ९९ |

| | | | |
|---|---|---|---|
| १० | राष्ट्रिय तथा प्रादेशिक लोकमार्ग | किमि | ३६००० |
| ११ | इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | १०० |
| १२ | अपेक्षित आयु (जन्म हुँदाको) | प्रतिशत | ८० |
| १३ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २० |
| १४ | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | ८ |
| १५ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ९९ |
| १६ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ४० |
| १७ | उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | ९५ |
| १८ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या | प्रतिशत | १०० |
| १९ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९९ |
| २० | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.७६० |

## नेपालमा विकासका पूर्वाधारहरू

### १) कृषि(Agriculture)

- नेपालको अर्थ व्यवस्थाको मुख्य आधार
- कृषिलाई Engine of Growth भनेर चिनिने
- नेपालको कुल GDP मा कृषि क्षेत्रको योगदान - २५.१६ प्रतिशत
- श्रमशक्ति सर्वेक्षण २०२१ अनुसार नेपालमा कृषिमा आवद्ध जनसंख्या - ५०.४%
- पछिल्लो १० वर्षमा कृषि क्षेत्रमा वृद्धिदर (औषत) - २.९%
- नेपालमा खेतीयोग्य भूमी - १७.९७%
- नेपालमा कुल खेतीयोग्य भूमीमा सिचाई सुविधा उपलब्ध भूमी - ६६% (करिब)
- कृषिमा आधारित मुलुकहरूमा निर्धारण गरिएको प्रतिव्यक्ति खेतीयोग्य भूमी - ०.१३ हेक्टर

## कृषिसँग सम्बन्धित केही मितिहरू:

- नेपालमा कृषि गणनाको सुरुवात - २०१८ (१०/१० वर्ष)
- नेपालमा भूमी सुधार ऐन ल्याइएको - वि. सं. २०२१
- भूमी सुधार बचत संस्थाको स्थापना - वि. सं. २०२३
- कृषि विकास बैंकको स्थापना - वि. सं. २०२४ माघ ७
- नेपाल कृषि अनुसन्धान परिषद् (NARC) को स्थापना - वि.सं. २०४८
- राष्ट्रिय कृषि व्यवसाय नीति जारी - वि. सं. २०६३
- नेपाल जिन बैङ्कको स्थापना - वि. सं. २०६७ असोज २१ (खुमलतार, ललितपुर)
- नेपालमा कृषि बिमाको सुरुवात - वि. सं. २०६९
- राष्ट्रिय भू-उपयोग नीति - वि. सं. २०६९

- राष्ट्रपति सर्वोत्कृष्ट कृषक पुरस्कारको स्थापना - वि. सं. २०७२ (सर्वप्रथम प्राप्त गर्ने - कालु हमाल, कैलाली)

## केही बस्तुको उपनामहरू

- Red apple, Love apple - गोलभेडा
- Yellow living gold – यार्सागुम्बा
- Green Gold – चिया
- Black Diamond – कोइला
- Black Gold – मरिच
- Green Gold Plant – बास
- Yellow Cake - युरेनियम
- खोल्साको सुन — अलैंची
- सेतो सुन — कपास
- वाणिज्यको थैलो — जुट
- वाणिज्यको खैरो कागज — सनपाट
- विश्वको पहिलो नगदेबाली — चिया
- हरियो तेल - अडिर
- नेपालमा चिया खेतीको सुरुवात - वि. सं. १९२० (गजराजसिंह थापाले चीनबाट लिएका)
- नेपालको पहिलो टि स्टेट - बुधकरण टि स्टेट (वि. सं. २०१६)
- नेपालमा चिया क्षेत्र घोषणा - वि. सं. २०३९ (५ जिल्ला - झापा, इलाम, पाँचथर, धनकुटा, तेह्रथुम)
- राष्ट्रिय चिया दिवस - वैशाख १५(वि. सं. २०५४ बाट)
- नेपालमा कफि खेतीको सुरुवात - वि. सं. २०११ (गुल्मी)
- कफि दिवस - मंसिर १ (वि. सं. २०६२ बाट)
- नेपालमा रबर खेतीको सुरुवात - वि. सं. २०४७ (झापा)

- नेपालमा ट्राफल नामक च्याउ खेतीको सुरुवात
  - वि. सं. २०७० (रोल्पा)
- नेपालमा रेन्बो ट्राउट माछा पालनको सुरुवात
  - सन् १९९०, नुवाकोट
- नेपालमा आलु दिवस मनाइने ठाउँ - हेम्जा, कास्की
- नेपालमा एभोकाडो फलको व्यवसायिक खेती हुने जिल्ला - धनकुटा
- '८-अ' को जिल्ला - इलाम
- नेपालमा कपास खेती हुने जिल्ला - दाङ, बाँके, बर्दिया
- फलफूलको राजा - आप

## एक गाउँ एक उत्पादन कार्यक्रम (OVOP)

- सुरूवात - जापान (सन् १९८०)
- अवधारणा ल्याउने व्यक्ति - मोरिहिको हिरामात्सु
- नेपालमा सुरुवात - सन् २००६ (आ.व.२०६३/६४)
- दोलखा जिल्लाबाट सुरुवात भई हाल ४२ जिल्लामा लागु
- उक्त कार्यक्रमको लोगो बनाउने व्यक्ति - नवज्योति सुवेदी

| कार्यक्रम | जिल्ला | कार्यक्रम | जिल्ला |
|---|---|---|---|
| बेसार | सुनसरी | जराइलो | डोटी |
| अदुवा | सल्यान, पाल्पा | जैतुन | बाजुरा |
| अलैची | ताप्लेजुङ | लप्सी | भक्तपुर |
| सुपारी | झापा | रेन्बो ट्राउट | रसुवा र नुवाकोट |
| चिया | इलाम | बेल | बर्दिया |
| कफि | स्याङ्जा | मसुरो | बाके |
| अकबरे खुर्सानी | पाचथर | बासमती धान | चितवन |
| आप | सप्तरी | लोक्ता | दोलखा |
| माछा | धनुषा | टिमुर | म्याग्दी |

| | | | |
|---|---|---|---|
| **केरा** | कञ्चनपुर | **सुन्तला** | भोजपुर |
| **जुनार** | सिन्धुली र रामेछाप | **स्याऊ** | जुम्ला |
| **किवी** | मकवानपुर र इलाम | | |

## नेपालका प्रमुख सिचाई आयोजनाहरू

१. वाणगंगा सिचाई आयोजना - कपिलवस्तु
२. चन्द्र नहर - सप्तरी (त्रियुगा नदीमा निर्मित)
३. मोहना सिचाई आयोजना - कैलाली
४. रानी जमरा कुलरिया - कैलाली
५. बबई सिचाई आयोजना - बर्दिया
६. सिक्ता सिचाई आयोजना - बाँके
७. मर्चवार सिचाई आयोजना - रूपन्देही
८. बट्टार सिचाई आयोजना - नुवाकोट
९. कमला सिचाई आयोजना - धनुषा र सिराहा

## सातौं कृषि गणना २०७८

- कृषि गणना भएको मिति - वि. सं. २०७९ वैशाख ६ - जेठ १९
- नारा - कृषि गणनाको सार कृषि योजनाको पूर्वाधार
- नतिजा सार्वजनिक - वि. सं. २०८० भदौ २१
- कृषक परिवार - ४१३०७८९
  - पुरुष कृषक - ६७.६%
  - महिला कृषक - ३२.४%
- आफुले गरेको कृषि कार्यबाट वर्ष भरि खान पुग्ने कृषक परिवार-४५%

- सबैभन्दा बढी कृषि योग्य भूमि उपयोग गरिएका ५ जिल्लाः
  १. मोरङ
  २. झापा
  ३. सिराहा
  ४. सर्लाही
  ५. सप्तरी
- सबैभन्दा कम कृषि योग्य भूमि उपयोग गरिएका ५ जिल्लाः
  १. मनाङ
  २. मुस्ताङ
  ३. डोल्पा
  ४. रसुवा
  ५. हुम्ला
- सबैभन्दा बढी कृषि-भूमि उपयोग गरिएको प्रदेश - कोशी प्रदेश
- सबैभन्दा कम कृषि भूमि उपयोग गरिएको प्रदेश - कर्णाली प्रदेश
- सबैभन्दा बढी कृषक परिवार भएको प्रदेश - कोशी प्रदेश
- सबैभन्दा कम कृषक परिवार भएको प्रदेश - कर्णाली प्रदेश

## २. उद्योग (Industry)

- नेपालमा कुल GDP मध्ये पछिल्लो ५ वर्षको उद्योग क्षेत्रको औषत योगदान - ५.६%
- आर्थिक वर्ष २०७९/८० अनुसारको सर्वेक्षणमा नेपालमा उद्योगको संख्या — ८९४७
- उद्योग परिषद्को स्थापना - वि.स. १९९३
- नेपालको पहिलो उद्योग - विराटनगर जुट मिल (१९९३)
- नेपाल बैंकको स्थापना - वि.स. १९९४ कार्तिक ३०
- सरकारी स्तरमा नेपाल कपडा र घरेलु इलम प्रचार अड्डाको स्थापना - वि.स. १९९६
- औद्योगिक विकास निगमको स्थापना - वि.स. २०१६
- सर्वप्रथम औद्योगिक नीति ल्याइएको - वि.स. २०१७
- हालको औद्योगिक नीति - वि.स. २०६७ जेठ २
- भैरहवालाई विशेष आर्थिक क्षेत्र घोषणा गरिएको - वि.स. २०७१ मंसिर २
- औद्योगिक प्रवर्द्धन बोर्डको अध्यक्ष - उद्योगमन्त्री वा राज्यमन्त्री
- एकद्वार समितिको संयोजक - उद्योग विभागका महानिर्देशक
- औद्योगिक नीति २०६७ अनुसार उत्पादनको प्रकृति र सेवाको आधारमा उद्योगलाई ९ भागमा विभाजन गरिएको
- औद्योगिक व्यवसाय ऐन २०७६ अनुसार उद्योगको वर्गीकरणः

(क) **<u>लघु उद्यमः</u>** घर जग्गा बाहेक बढीमा २० लाख सम्म स्थिर पुँजी भएको (उद्यमी सहित बढीमा ९ जना कामदार भएको)

(ख) **<u>घरेलु उद्योगः</u>** परम्परागत सीप र प्रविधिमा आधारित उद्योग

(ग) **<u>साना उद्योगः</u>** रु १५ करोड सम्म स्थिर पुँजी भएको

(घ) **मझौला उद्योगः** रु १५ करोड देखि ५० करोड सम्म स्थिर पुँजी भएको

(ङ) **ठुला उद्योगः** रु ५० करोड भन्दा बढी स्थिर पुँजी भएको

## नेपालमा औद्योगिक क्षेत्रहरू

| क्र.स | औद्योगिक क्षेत्रको नाम | स्थापना | स्थान | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| १ | बालाजु औद्योगिक क्षेत्र | वि.स. २०१६ | काठमाडौं | ६७० |
| २ | हेटौडा औद्योगिक क्षेत्र | वि.स. २०२० | मकवानपुर | २८२९ |
| ३ | पाटन औद्योगिक क्षेत्र | वि.स. २०२० | ललितपुर | २९३ |
| ४ | धरान औद्योगिक क्षेत्र | वि.स. २०२९ | सुनसरी | २०२ |
| ५ | नेपालगन्ज औद्योगिक क्षेत्र | वि.स. २०३० | बाँके | २३३ |
| ६ | पोखरा औद्योगिक क्षेत्र | वि.स. २०३१ | कास्की | ५०१ |
| ७ | बुटवल औद्योगिक क्षेत्र | वि.स. २०३२ | रुपन्देही | ४३४ |
| ८ | भक्तपुर औद्योगिक क्षेत्र | वि.स. २०३५ | भक्तपुर | ७१ |

| | | | | |
|---|---|---|---|---|
| ९ | वीरेन्द्रनगर औद्योगिक क्षेत्र | वि.स. २०३८ | सुर्खेत | ९० |
| १० | धनकुटा औद्योगिक क्षेत्र | वि.स. २०४१ | धनकुटा | ६३ |
| ११ | गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र | वि.स. २०४४ | सप्तरी | २९४ |

- सबैभन्दा ठुलो औद्योगिक क्षेत्र - हेटौडा औद्योगिक क्षेत्र
- सबैभन्दा सानो औद्योगिक क्षेत्र - धनकुटा औद्योगिक क्षेत्र (हाल बन्द अवस्थामा रहेको)
- सञ्चालनमा रहेको मध्ये सबैभन्दा सानो औद्योगिक क्षेत्र - भक्तपुर औद्योगिक क्षेत्र
- सबैभन्दा बढी मानिसलाई रोजगारी दिएको औद्योगिक क्षेत्र - बालाजु औद्योगिक क्षेत्र

## निर्माणाधिन / प्रस्तावित केही औद्योगिक क्षेत्रहरू

| क.स. | प्रस्तावित औद्योगिक क्षेत्र | जिल्ला |
|---|---|---|
| १ | मुर्तिया | सर्लाही |
| २ | सबेला | धनुषा |
| ३ | मयुरधाम | मकवानपुर |
| ४ | छिन्टुटार | तनहुँ |
| ५ | च्याङ्लीटार | गोरखा |
| ६ | मोतिपुर | रुपन्देही |
| ७ | लक्ष्मीपुर | दाङ |
| ८ | साताखानी | सुर्खेत |
| ९ | दैजी | कञ्चनपुर |



विद्या मन्दिर

# ३. व्यापार (Trade)

- व्यापारलाई आधुनिक विश्वको मेरुदण्ड भनेर चिनिने ।
- नेपालसँग दोहोरो करमुक्ति सम्झौता भएको राष्ट्र - ११ वटा
  पहिलो - भारत (सन् १९८७), पुनः सम्झौता (सन् २०११ Nov 27)
  अन्तिम - बंगलादेश (सन् २०१५ जनवरी २९)
- नेपालसँग बिप्पा (BIPPA) सम्झौता भएका राष्ट्र - ६ वटा
  * फ्रान्स (सन् १९८३ मे २)
  * जर्मनी
  * बेलायत
  * मौरिसस
  * फिनल्याण्ड
  * भारत (सन् २०११ अक्टोबर २१)

- विश्व व्यापार संगठन (WTO)
  - WTO को पूर्ववर्ती संस्था GATT को स्थापना - सन् १९४८ जनवरी १
  - GATT लाई WTO मा रूपान्तरण - सन् १९८५ जनवरी १
  - प्रधान कार्यालय - जेनेभा, स्विजरल्याण्ड
  - जम्मा सदस्य राष्ट्र — १६४ (अन्तिम राष्ट्र — अफगानिस्तान)
  - नेपालले WTO को सदस्यता प्राप्त गरेको - सन् २००४ अप्रिल २३ (१४७ औं राष्ट्र)
  - **Blue Box:** कृषि क्षेत्रको योगदान (WTO अनुसार)
  - **Dumping:** कम मूल्यमा वस्तुको विक्री गर्नु (WTO)

# ४. पर्यटन (Tourism)

- नेपाल आउने पर्यटकले अध्यागमन विभागबाट पदयात्राको अनुमति लिनुपर्ने
- नेपालमा सबैभन्दा बढी पर्यटकले पदयात्रा गर्ने क्षेत्र - अन्नपूर्ण संरक्षण क्षेत्र
- नेपालको पहिलो गाउँ पर्यटन केन्द्र — सिरूबारी स्याङ्जा
- लमजुङको घलेगाउँलाई सार्क राष्ट्रको नमुना गाउँ घोषणा गरिएको
- Send home a man: पर्यटन प्रवर्द्धनका लागि बाह्रौं योजनाले अवलम्बन गरेको
- भिजन-२००५: पर्यटन क्षेत्रसँग सम्बन्धित (अवधारणा ल्याउने व्यक्ति - टाकासी मियाहारा, जापान)
- दोलखा जिल्लामा High altitude sport training center को स्थापना गरिएको
- पर्यटन परिषदको अध्यक्ष - प्रधानमन्त्री
- विश्व पर्यटन दिवस - सेप्टेम्बर २७ (सन् १९८० देखि)

## पर्यटनसँग सम्बन्धित महत्वपूर्ण मितिहरू

- नेपालमा सर्वप्रथम पर्यटन गुरुयोजना तयार पारिएको - सन् १९७२
- पर्यटन मन्त्रालयको स्थापना - वि.सं. २०३३
- पर्यटन प्रहरीको व्यवस्था - वि.सं. २०३५
- सर्वप्रथम पर्यटन नीति ल्याइएको - वि.सं. २०५२
- पर्यटन बोर्डको स्थापना - वि.सं. २०५५
- नेपालमा औपचारिक रुपमा Home stay को सुरुवात - वि.सं. २०६७ भाद्र १

- तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीद्वारा सर्वप्रथम सगरमाथाको सफल आरोहण - सन् १९५३ मे २९ (एडमण्ड हिलारी New Zealand का नागरिक हुन्)
- नेपाल भ्रमण वर्ष - सन् १९९८
- नेपाल गन्तव्य वर्ष - सन् २००२/०३
- नेपाल पर्यटन वर्ष - सन् २०११ (नाराः पर्यटनका लागि सँगसँगै)
- लुम्बिनी भ्रमण वर्ष - सन् २०१२

## नेपाल भ्रमण वर्ष २०२०(Visit Nepal 2020)

- घोषणा - वि.स. २०७४ साउन १९
- नारा - Visit Nepal 2020, Lifetime Experience
- उदघाटन - सन् २०२० जनवरी १, दशरथ रंगशालमा राष्ट्रपति विद्यादेवि भन्डारीद्धारा भएको
- संयोजक - सुरज वैद्य
- लोगो बनाउने व्यक्ति - उद्धव रिमाल
- नेपाल भ्रमण वर्ष २०२० को मस्कटमा प्रयोग भएको प्रतिक चिन्ह - हिममानव यति
- नेपाल भ्रमण वर्ष २०२० को मस्कटको डिजाइनर - आङछिरिङ शेर्पा
- नेपाल भ्रमण वर्ष २०२० को लोगोमा राखिएका हिमालहरू - सगरमाथा र माछापुच्छ्रे

## ग्रेट हिमालयन ट्रेल

- विश्वको सबैभन्दा लामो पदमार्ग
- लम्बाई - ४५०० कि.मि.
- चीन, नेपाल, भारत, पाकिस्तान, भुटान लगायतका देशमा पर्ने
- यसको नेपालमा पर्ने भाग - १७०० कि.मि.

## नेपालको पर्यटनमा

- High season — October
- Low season — November
- Normal season — February
- Off season — March

विद्या मन्दिर

## ५. यातायात (Transportation)

- नेपालमा सार्वजनिक यातायातका साधनको प्रयोग - वि.सं.१९९६
- नेपालमा भाडाका सवारीबाट नेपालमा जाजत दस्तुर लिन सुरू
  - वि.सं. २०१७/०१८
- Cats Eye- राजमार्गमा रातमा टल्कने बत्ती

### सडक यातायात

#### १.त्रिभुवन राजमार्ग (१८९ कि.मि.)

- नेपालको सबैभन्दा पुरानो राजमार्ग
- पहिलो वाइरोड भनेर चिनिने
- नेपालमा सर्वप्रथम कालोपत्रे भएको सडक
- यस राजमार्गले काठमाडौं विरगञ्जलाई जोड्छ
- भारतको सहयोगमा निर्माण

#### २.महेन्द्र राजमार्ग (१०२७.६७ कि.मि.)

- नेपालमा निर्माण सम्पन्न भएको सबैभन्दा लामो राजमार्ग
- पूर्व पश्चिम राजमार्ग भनेर चिनिने
- पहाडको २ र तराईको २० गरी २२ वटा जिल्लालाई छुने राजमार्ग
- महेन्द्र राजमार्गले नछुने तराइको जिल्ला - पर्सा
- महेन्द्र राजमार्गले छुले पहाडी जिल्ला - मकवानपुर र अर्घाखाची
- यस राजमार्गको सबैभन्दा बढी भाग पर्ने जिल्ला
  - बाके (८३.०२ कि.मि.)
- यस राजमार्गको सबैभन्दा कम भाग पर्ने जिल्ला
  - अर्घाखाची (४.१२ कि.मि.)

- यस राजमार्गको सबैभन्दा अग्लो भाग - पुस्मा, बाके
- यस राजमार्गको सबैभन्दा होचो भाग - इटहरी, सुनसरी
- **सहयोग गर्ने राष्ट्रहरू**
  - मेची-ढल्केबर ----------------- भारत
  - ढल्केबर-पथलैया --------------- रूस
  - हेटौडा-नारायणगढ ------------एसियाली विकास बैंक
  - नारायणगढ-वुटवल -------------- बेलायत
  - वुटवल-कोहलपुर-वनवासा --------- भारत

## ३. सिद्धार्थ राजमार्ग (१८१ कि.मि.)

- पोखरा-सुनौली जोड्ने राजमार्ग
- भारतको सहयोगमा निर्माण भएको

## ४. पृथ्वी राजमार्ग (१७४ कि.मि.)

- पोखरा-नौबिसे जोड्ने राजमार्ग
- चीनको सहयोगमा निर्माण भएको

## ५. अरनिको राजमार्ग (११३ कि.मि.)

- काठमाडौं-कोदारी जोड्ने राजमार्ग
- चीनको सहयोगमा निर्माण भएको

## ६. मध्य पहाडी लोकमार्ग (१७६५कि.मि.)

- पाँचथरको चियो भन्ज्याङबाट बैतडीको झुलाघाट सम्म
- जम्मा २६ जिल्लालाई छुने
- सबैभन्दा बढी भाग पर्ने - बागलुङ
- सबैभन्दा कम भाग पर्ने - ओखलढुङ्गा

## ७. वि.पि. राजमार्ग (१५८ कि.मि.)

- धुलिखेल-सिन्धुली हुदै बर्दिवास सम्म
- जापानको सहयोगमा निर्माण भएको

## ८. काठमाडौं चक्रपथ (२७.२ कि.मि.)

- चीनको सहयोगमा निर्मित
- प्रस्तावित बाहिरी चक्रपथको लम्बाईः ७२ कि.मि.

## ९.काठमाडौं-निजगढ फास्ट ट्र्याकः ७६ कि.मि.

### नेपालमा रेल सेवा

- सुरूवात - वि.स. १९९३, जुद्ध शमशेरको पालामा
- जनकपुर-जयनगर रेलमार्ग - ५१ कि.मि.
- प्रस्तावित मेचिमहाकाली रेलमार्ग - ९४५ कि.मि.

### नेपालमा पहिलो केवलकार

- मनकामना केवलकार
- लम्वाई - २.८ कि.मि.
- सञ्चालन — वि. स. २०५५ मंसिर ८
- मनकामना केवलकारले चितवन र गोरखा जिल्लालाई जोड्छ ।

## नेपालमा हवाई सेवा

- नेपालमा सर्वप्रथम हवाई अवतरण - वि.स. २००६ वैशाख ११
- पहिलो पटक नेपालमा विमान दुर्घटना - वि.स. २०१७ कार्तिक २० (भैरहवा)
- नेपाल वायुसेवा निगमको स्थापना - वि.स. २०१५ असार १६
- नेपालमा निजी क्षेत्रमा स्थापित पहिलो वायु सेवा - नेपाल एयरवेज(२०४९)
- नेपालमा अन्तर्राष्ट्रिय वायु सेवा - २९ वटा (कम्पनी)
- नेपालमा आन्तरिक उडान भर्ने वायुसेवा - २१ वटा
- अग्लो स्थानमा रहेको विमानस्थल - स्याङबोचे, सोलुखुम्बु
- होचो स्थानमा रहेको विमानस्थल - विराटनगर, मोरङ
- सबैभन्दा साघुरो विमानस्थल - जिरी, दोलखा
- विश्वकै सबैभन्दा खतरनाक विमानस्थल - लुक्ला विमानस्थल (तेन्जिङ हिलारी विमानस्थल)

विद्या मन्दिर

## नेपालका केही प्रमुख विमानस्थलहरू

| क्र.स. | विमानस्थलको नाम | स्थान |
|---|---|---|
| १ | सुकेटार विमानस्थल | ताप्लेजुङ |
| २ | तुम्लिङटार विमानस्थल | संखुवासभा |
| ३ | रुम्जाटार विमानस्थल | ओखलढुङ्गा |
| ४ | बलेवा विमानस्थल | बागलुङ |
| ५ | पाटन विमानस्थल | बैतडी |
| ६ | ताल्चा विमानस्थल | मुगु |
| ७ | जुफाल विमानस्थल | डोल्पा |
| ८ | पालुङटार विमानस्थल | गोरखा |
| ९ | थामखर्क विमानस्थल | खोटाङ |
| १० | सिमरा विमानस्थल | बारा |
| ११ | मेघौली विमानस्थल | चितवन |
| १२ | स्याङबोचे विमानस्थल | सोलुखुम्बु (३८०० मि. उचाई) |
| १३ | मनमाया राई विमानस्थल | दित्तेल, खोटाङ |
| १४ | शितलेश्वर विमानस्थल | लमजुङ |
| १५ | फागुनन्द विमानस्थल | इलाम |
| १६ | साँफेबगर विमानस्थल | अछाम |
| १७ | गोकुलेश्वर विमानस्थल | दार्चुला |
| १८ | फाप्लु विमानस्थल | सोलुखुम्बु |
| १९ | देवल विमानस्थल | बझाङ |
| २० | हुम्दे विमानस्थल | मनाङ |

# ६. शिक्षा (Education)

- नेपालको प्राचीन शिक्षा गुरुकुल शिक्षा प्रणालीमा आधारित थियो।
- नेपालमा व्यावसायिक शिक्षाको सुरुवात - जयस्थिति मल्ल
- नेपालमा छात्रवृत्ति दिने चलन - पृथ्वीनारायण शाह
- नेपालमा सर्वप्रथम पाठशाला खोल्न अनुमति दिने - रणोद्दीप सिंह
- नेपालमा महिला शिक्षाको सुरुवात - वीर शमशेर
- महिला शिक्षाको लागि प्रेरणा दिने - गंगाबाई
- **हाल नेपालको साक्षरता दरः ७६.२%**

  पुरुषः ८३.६%

  महिलाः ६९.४%
- **सबैभन्दा बढी साक्षरता दर भएकोः**

  प्रदेशः बागमती प्रदेश (८२.१%)

  जिल्लाः काठमाडौं (८९.२३%)
- **सबैभन्दा कम साक्षरता दर भएकोः**

  प्रदेशः मधेश प्रदेश (६३.५%)

  जिल्लाः रौतहट (५७.७५%)

## शिक्षासँग सम्बन्धित केही मितिहरूः

- दरबार हाइस्कुलको स्थापना - वि.सं. १९१० असोज २७
- दरबार हाइस्कुलका पहिलोः

  हेडमास्टर - मिस्टर क्यानिङ (बेलायत)

  नेपाली हेडमास्टर - रुद्रराज पाण्डे
- भोजपुरको दिङ्लामा संस्कृत पाठशालाको स्थापना

  - वि.सं. १९३२ (बालगुरु षडानन्दद्वारा)

विद्या मन्दिर

- काठमाडौं उपत्यका बाहिरको पहिलो अङ्ग्रेजी स्कुल
  - चन्द्र मिडिल स्कुल (सिराहा, वि.सं. १९७२)
- नेपालको पहिलो कलेज - त्रि-चन्द्र कलेज
  (वि.सं. १९७५ भाद्र २७)
- नेपालको पहिलो Technical School को स्थापना
  - वि.सं. १९८७ (भिम शमशेर)
- नेपालमा सर्वप्रथम SLC बोर्डको गठन - वि.सं. १९९० कार्तिक १६
- नेपालको पहिलो परीक्षा नियन्त्रक - नन्दराम उप्रेती
- SLC बोर्ड गठन हुँदाका हाइस्कुल (२ वटा)
  - दरबार हाइस्कुल र पाटन हाइस्कुल
- पहिलो पटक परीक्षा दिएका परीक्षार्थी
  - ३३ जना (१९ जना उत्तीर्ण)
- काठमाडौंको ढोका टोलमा कन्या पाठशालाको स्थापना
  - वि.सं. २००४
- लक्ष्मीप्रसाद देवकोटा नेपालको शिक्षा मन्त्री भएको
  - वि.सं. २०१४
- नेपालको पुरानो विश्वविद्यालय - त्रिभुवन विश्वविद्यालय (२०१६)
- पाठ्यक्रम विकास केन्द्रको स्थापना - वि.सं. २०२८ भाद्र ५
- विद्यालयलाई शान्ति क्षेत्र घोषणा - वि.सं. २०६८ जेठ ११
- नेपालमा विश्वविद्यालयको सङ्ख्या - १७ वटा
- अन्तर्राष्ट्रिय साक्षरता दिवस - September 8
- दरबार हाइस्कुलमा सर्वसाधारणका लागि खुला गर्ने - देव शमशेर
- नेपालको पहिलो SLC बोर्ड फस्ट - पुष्पभक्त मल्ल
- संस्कृत विश्वविद्यालय - वि.सं. २०४३ (दाङ्ग)

- नेपालको पहिलो निजी विश्वविद्यालय - काठमाडौं विश्वविद्यालय, काभ्रे (वि.सं. २०४८)
- प्रदेश सरकारबाट स्थापना पहिलो विश्वविद्यालय - गण्डकी विश्वविद्यालय, कास्की (२०७६)
- शिक्षाका पिता - देव शमशेर
- विद्यालयका पिता -पद्म शमशेर

विद्या मन्दिर

# ७. स्वास्थ्य(Health)

- नेपालमा स्वास्थ्य सम्बन्धि विषयलाई पाँचौ योजनाबाट समावेश गरिएको
- DOTS = क्षयरोग सँग सम्बन्धित

## स्वास्थ्यसँग सम्बन्धित केही मितिहरू

- नेपाल क्षयरोग निवारण संघको स्थापना - वि.स. २०१०
- औलो उन्मूलन संघको स्थापना - वि.स. २०१५
- राष्ट्रिय क्षयरोग निवारण केन्द्र - वि.स. २०१८
- नेपालमा लागुऔषध नियन्त्रण ऐन - वि.स. २०३३
- नेपाल **विफर** मुक्त देश घोषणा - वि.स. २०३४ बैशाख १
- नेपालमा पोषण कार्यक्रमको सुरूवात - वि.स. २०३७
- नेपालमा झाडापखाला नियन्त्रण कार्यक्रमको सुरूवात - वि.स. २०४०
- क्षयरोग नियन्त्रणमा DOTS को सुरूवात - वि.स. २०५४
- नेपाल **कुष्ठरोग** मुक्त देश घोषणा - वि.स. २०६६ माघ ५
- नेपाल **वर्ड फ्लु** मुक्त देश घोषणा - वि.स. २०७४ जेठ २८
- स्वास्थ्य मन्त्रालयको स्थापना - वि.स. २००७
- नेपाललाई रेबिज मुक्त घोषणाको लक्ष्य - सन् २०३०
- स्वास्थ्य विमा कार्यक्रमको सुरूवात - २०७२ चैत २५ (कैलाली)
- DOTS = Directly observed treatment short-course
- DOTS को सुरूवात भएको पहिलो चार जिल्ला :- भक्तपुर, नवलपरासी, पर्सा, कैलाली

# ८. सञ्चार (Communication)

## (क) रेडियो नेपाल

- स्थापना - वि.सं. २००७ चैत २०
- स्थापनाकालको नाम - नेपाल प्रजातन्त्र रेडियो
- पहिलो समाचार वाचक - तारणी प्रसाद कोइराला
- हाल २६ भाषामा समाचार र २५ भाषामा कार्यक्रम प्रसारण
- रेडियो नेपालको प्रसारण पहुँच - जनसङ्ख्याको ९४%
- नेपालमा FM रेडियोको सुरुवात - वि.सं. २०५२

## (ख) नेपाल टेलिभिजन

- स्थापना - वि.सं. २०४१ माघ १७
- नियमित प्रसारण सुरुवात - वि.सं. २०४२ श्रावण २९
- नेपाल टेलिभिजनको प्रसारण पहुँच - जनसङ्ख्याको ५२% र देश बाहिर १४६ देशमा रहेको

## (ग) गोरखापत्र

- सुरुवात - वि.सं. १९५८ बैशाख २४ (देव शमशेर)
- नेपालको पहिलो साप्ताहिक पत्रिका
- गोरखापत्रको पहिलो सम्पादक - नरदेव पाण्डे
- गोरखापत्र दैनिक प्रकाशन सुरुवात - वि.सं. २०१७ फागुण ७
- गोरखापत्र रंगिन रूपमा छापिन सुरु - वि.सं. २०५९ असार १
- बहुभाषामा छापिन सुरुवात - वि.सं. २०६४ असोज १
- गोरखापत्र हाल ४६ मातृभाषामा छापिने
- थप भएको नयाँ मातृभाषाः कुलुङ्ग



विद्या मन्दिर

- नयाँ थप भएको मातृभाषाको प्रकाशन सुरुवातः वि.सं. २०८२ मङ्सिर १६ गते
- नेपाली भाषाको पहिलो पत्रिका - गोरखा भारत जीवन (१९४३)
- नेपालको पहिलो पत्रिका - सुधासागर (वि.सं. १९५५)
- नेपालको पहिलो दैनिक पत्रिका - आवाज (२००७ फागुण ८)
- निजि क्षेत्रबाट प्रकाशित पहिलो पत्रिका - जागरण

## (घ) हुलाक

- नेपालमा हुलाक सेवाको सुरुवात वि.सं. -१८८५
- नेपालमा हुलाक संग्रहालयको स्थापना - वि.सं. २०२८
- विश्वमा चिठीमा टिकट टाँस्ने चलन चलाउने देश - बेलायत (पेन्नी ब्ल्याक)
- नेपालमा सर्वप्रथम हुलाक टिकटको प्रकाशन - वि.सं. १९३६
- नेपालमा चिठीमा टिकट टाँस्न सुरुवात - वि.सं. १९४४
- विश्व हुलाक दिवस - October 9

## (ङ) मोबाइल फोन

- नेपालमा मोबाइल सेवाको सुरुवात - वि.सं. २०५६ बैशाख १
- नेपालमा prepaid मोबाइलको सुरुवात - वि.सं. २०६० भाद्र ६

## (च) इन्टरनेट सेवा

- नेपालमा इन्टरनेटको सुरुवात - सन् १९९४
- नेपालमा सर्वप्रथम इन्टरनेटको सुरुवात गर्ने कम्पनी - मर्कन्टायल कम्पनी
- नेपाल दुरसञ्चार संस्थानको स्थापना - वि.सं. २०३२ असार १

- नेपाल दुरसञ्चार संस्थान कम्पनीमा परिणत - वि.सं. २०६१ बैशाख १
- नेपालका सबै गाविसमा दुरसञ्चार सेवा पुगेको घोषणा - वि.सं. २०६७ असार २९
- नेपाल फिलाटेलिक ब्युरोको स्थापना - वि.सं. २०१७

विद्या मन्दिर

# ९. विद्युत (Electricity)

- विद्युतमा पहुँच पुगेको जनसङ्ख्या - ९९ %
- हालसम्म कुल जडित विद्युत - ३६०२मे.वा.
- नेपालमा ऊर्जा दिवस - जेठ ९

## (क) फर्पिङ जलविद्युत आयोजना

- नेपालको पहिलो जलविद्युत आयोजना
- स्थापना - वि.सं. १९६८, चन्द्र शमशेर
- उत्पादन क्षमता - ५०० कि.वा.
- बेलायतको सहयोगमा निर्मित
- यसबाट उत्पादित विद्युतलाई '**चन्द्रज्योति**' भनिन्थ्यो
- हाल फर्पिङमा ऊर्जा संग्रहालय रहेको

## (ख) माथिल्लो तामाकोशि जलविद्युत आयोजना, दोलखा

- नेपालको सबैभन्दा ठुलो जलविद्युत आयोजना
- उत्पादन क्षमता - ४५६ मे.वा.
- दोस्रो ठुलो - कालिगण्डकी जलविद्युत आयोजना, स्याङ्जा (१४४ मेगावाट)

## (ग) खिम्ती जलविद्युत आयोजना (दोलखा)

- नेपालमा निजी क्षेत्रबाट स्थापित पहिलो जलविद्युत आयोजना
- स्थापना - सन् २०००
- उत्पादन क्षमता - ६० मेगावाट

## (घ) चिलिमे जलविद्युत आयोजना (रसुवा)

- नेपालमा हालसम्मकै सस्तो मानिएको जलविद्युत आयोजना
- लागत - रु २.१९ प्रति युनिट
- उत्पादन क्षमता - २२.१ मेगावाट

## केही जलविद्युत आयोजनाको उत्पादन क्षमता

| क्र.सं. | आयोजनाको नाम | स्थान | क्षमता |
|---|---|---|---|
| १. | भोटेकोशि जलविद्युत आयोजना | सिन्धुपाल्चोक | ४५ मेगावाट |
| २. | मस्याङ्दी जलविद्युत आयोजना | तनहुँ | ६९ मेगावाट |
| ३. | मध्यमस्याङ्दी जलविद्युत आयोजना | लमजुङ | ७० मेगावाट |
| ४. | देवीघाट जलविद्युत आयोजना | नुवाकोट | १४.१ मेगावाट |
| ५. | पश्चिम सेती जलविद्युत आयोजना | डोटी | ७५० मेगावाट (प्रस्तावित) |
| ६ | चमेलिया जलविद्युत आयोजना | दार्चुला | ३० मेगावाट |
| ७. | पनौती जलविद्युत केन्द्र | काभ्रे | २४०० किलोवाट |
| ८. | कुलेखानी जलविद्युत आयोजना | मकवानपुर | ६० मेगावाट |
| ९. | कालिगण्डकी 'A' जलविद्युत आयोजना | स्याङ्जा | १४४ मेगावाट |
| १०. | सिंगटी जलविद्युत आयोजना | दोलखा | १६ मेगावाट |
| ११. | मिदिम खोला जलविद्युत आयोजना | लमजुङ | ३ मेगावाट |
| १२. | राहुघाट जलविद्युत आयोजना | म्याग्दी | ४० मेगावाट |
| १३. | माथिल्लो त्रिशुलि ३'A' जलविद्युत आयोजना | रसुवा र नुवाकोट | ६० मेगावाट |
| १४. | माथिल्लो भोटेकोशि जलविद्युत आयोजना | सिन्धुपाल्चोक | ४५ मेगावाट |

***THANK YOU***